विचार

{ साहित्य समाजको ऐना र नयाँ समाज निर्माणको एउटा गतिलो माध्यम हो।
- विजय सुब्बा

{ छोटो बढ्यो भने भारी फूर्ति ढाँचा बढाउँछ, उर्लंदो खहरे हेर कत्तिको गड्गडाउँछ।
- लेखनाथ पौडेल

सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

अनशनको 'चक्रव्यूह' कहिलेसम्म ?

डा. गोविन्द केसी पुनः जुम्ला पुगेर अनशन शुरु गर्नुभएको छ । काठमाडौंमा आफ्नो सुनुवाइ नभएको भन्दै उहाँले जुम्ला पुगेर अनशन शुरु गर्नुभएको हो । स्वास्थ्य क्षेत्रमा देखिएको बेथितीलाई अन्त्य गर्न भन्दै उहाँले लामो समयदेखि अनशन बस्दै आउनुभएको थियो । सरकार र डा. केसी पक्षबीच पटक-पटक सम्झौता हुने गरेको छ । 'तँ रोएजस्तो गर्, म कुटेजस्तो गर्छु' भन्ने नेपाली उखान डा. केसीको अनशन बस्ने र तोड्ने विषयले चरितार्थ गर्न खोजेको देखिन्छ । आफूलाई कुनै पनि कुरा मन नपरेपछि स्वाथ्य क्षेत्रमा विकृति भयो भन्दै डा. केसी अनशन बस्ने अनि सरकार अनशन तोडाउन जे पनि सम्झौता गर्ने गरेको कारण समस्या समाधान हुनुको सट्टा विकराल बन्दै गएको छ । यसरी डा. केसीको अनशन यात्रा कहिलेसम्म चलिरहला ?

हो, स्वास्थ्य क्षेत्रमा तमाम विकृति र विसंगति छन् । विकृति र विसंगतिको अन्त्य भनेको अनशन मात्रै हो त भन्ने प्रश्न उठेको छ । डा. केसीले शनिबारबाट शुरु गरेको अनशन १४ औं अनशन हो । १३ पटक अनशन बस्दा राज्यले कुन-कुन विकृतिको अन्त्य गऱ्यो र अनशनबाट जनताले के प्राप्त गरे ? यस विषयमा लेखाजोखा हुनुपर्दछ । डा. केसी अनशन बसिरहने र उहाँको समर्थनमा केही विद्वान्हरू माइतीघर मण्डलामा धर्नामा बसेर फोटो खिचाउने अनि निषेधित क्षेत्र तोडेको भनेर प्रहरीले समात्दै भ्यानमा हालेको फोटो सामाजिक सञ्जालमा हालेर सरकारलाई गाली मात्रै गरिरहने हो भने डा. केसीले उठाएको माग सम्बोधन होला कि नहोला ? एकपटक विचार गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

डा. केसीले पटक-पटक एउटै मागलाई बढी जोड दिएर अनशन बस्नुभएको छ- काठमाडौंमा मेडिकल कलेज खोल्नमा रोक लगाऊ । सरकार भने रोक लगाउँछु भन्छ तर काम गर्दैन । एउटै विषयलाई लिएर पटक-पटक सम्झौता गर्ने अनि धोका दिने सरकारी रबैयाको पनि सर्वत्र आलोचना हुँदासमेत गैंडाजस्तो भएर बस्ने सरकारलाई कसले, कसरी दबाब दिने भन्ने गम्भीर प्रश्न उठ्न थालेको छ । डा. केसीले उठाएका केही माग जायज भएको र केही माग पूर्वाग्रहबाट प्रेरित भएको भन्ने आममानिसको बुझाइ रहेको छ । पूर्वाग्रह राखेर ल्याइएका मागबाहेक अन्य माग पूरा गर्नेतर्फ सरकार अग्रसर भए सधैं अनशनको गाईजात्राबाट मुलुकले निकास पाउने थियो । यसतर्फ सरकारको ध्यान जान जरुरी छ । सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने सरकारी हेपाहा प्रवृत्तिको अन्त्य र जतिखेर मन लाग्यो त्यति खेर अनशन बस्ने डा. केसीको बहुलठ्ठीपनको अन्त्य हुनु जरुरी छ ।

बलियो सरकार तर कमजोर कार्यशैली

विनोद नेपाल

वर्तमान प्रतिनिधिसभाका कुल २७५ स्थानमध्ये नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का आफ्ने १७४ सांसद छन्। १६ सदस्य भएको संघीय समाजवादी फोरम नेपाल समेत सरकारमा सहभागी भइसकेकोले सरकारसंग १९० सदस्यको समर्थन प्राप्त छ। यो प्रतिनिधिसभाको कुल सदस्य संख्याको झन्डै ६९ प्रतिशत हो। यसरी २०७४ फागुन ३ गते गठन भएको वर्तमान सरकारलाई प्रतिनिधिसभाका दुई तिहाईभन्दा बढी सदस्यको समर्थन प्राप्त छ र वर्तमान सरकार इतिहासमै शक्तिशाली मानिएको छ। केन्द्रमा मात्र होइन प्रदेश सभा तर्फ पनि सत्तारुढ दलकै उल्लेख्य स्थान छ। यस स्थितिमा आगामी दिनमा विगतको जस्तो गणितको खेलको कुनै सम्भावना देखिदैन। संघ र प्रदेशमा मात्र होइन स्थानीय तहमा पनि यस्तै अवस्था छ। स्थानीय तहका जनप्रतिनिधिमध्ये झन्डै ६० प्रतिशत सरकारमा सहभागी दलकै प्रतिनिधि छन्। यसैले अब मुलुकमा राजनीतिक अस्थिरताको पनि कुनै सम्भावना देखिदैन। यसैले मुलुक अब समृद्धितर्फ लाग्ने अनुमान गरिएको छ।

> बजारमा बेथिति छ, कालोबजारी छ, अस्वाभाविक महँगी छ। गुणस्तरहीन सामानको बाहुल्य र बिगाबिगी छ। वस्तुको मूल्यमा मनपरि छ, एकरूपता छैन। दूधजस्तो पदार्थमा समेत अखाद्य तत्वको मिसावट र कोलिफर्मसमेतको कुरा आइसकेको छ। सरकारले कारबाही गर्न सकेको छैन। सबै क्षेत्रमा नियमित अनुगमन गर्नुपर्नेमा त्यसको प्रभावकारी व्यवस्था गर्न सकेको छैन। भएका संयन्त्रको प्रभावकारी परिचालन गर्न सकेको छैन। केही स्थानमा मन्त्रीहरू स्वयम् गई अनुगमन गरे पनि त्यो चर्चाका लागि मात्र भयो। त्यसले निरन्तरता पाएन। जबकि मन्त्रीहरूले शुरु गरेको अभियानलाई सम्बद्ध निकायहरूले निरन्तरता दिँदै परिणाममुखी बनाउनुपर्ने थियो। यससम्बन्धमा मन्त्रीहरूकै दोहोरो चरित्र पनि देखियो।

तर, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा सरकार गठन भएको साढे चार महिना हुन आँट्दा एकातिर पार्टी संगठनमा आन्तरिक असन्तुष्टि र विवादहरू उत्पन्न हुन थालेका छन् भने अर्कोतिर निर्णय लिने तर कार्यान्वयन गर्न नसक्ने क्रम दोहोरिइरहेको छ। आक्रामक ढंगमा अघि बढ्न खोजेको सरकारलाई पाइला-पाइलामा ठेस लागिरहेको छ। अघि बढ्न खोज्दै पछि हट्दै गरिरहेको छ। बाटो नहेरी सम्भावित असर तथा प्रतिक्रियाबारे कुनै अनुमान नै नगरी भटाभट प्रचारमुखी निर्णय लिँदा वा कदम चाल्दा यस्तो भएको हो।

पद बहालीसँगै मन्त्रीहरूले आ-आफ्ना योजना र कार्यक्रम सार्वजनिक गरे। यद्यपि ती योजनामा समेटिएका विषय हाम्रा आवश्यकता नै थिए तर आवश्यकताभन्दा बढी र अलि अस्वाभाविक नै लाग्ने खालको कदम चाल्दा गर्न खोजेको काम पनि गर्न नसक्ने अवस्था भएको हो।

तीमध्ये अत्यन्त महत्वाकांक्षी थिए। एकैसाथ सबै काम गरिसक्ने लक्ष्य राख्नुभन्दा क्रमिकरूपमा कामहरू गर्दै जाने लक्ष्य लिनुपर्ने थियो। जे होस्, मन्त्रीहरू चर्चामा आउने प्रयास गरे। मन्त्रीहरूमा धेरै चर्चामा रहे पर्यटनमन्त्री, गृहमन्त्री, उद्योगमन्त्री, कानुनमन्त्री, सामान्य प्रशासनमन्त्री आदि। तर कतिपय मन्त्रीको निर्णय र कार्यशैलीलाई लिएर प्रतिपक्षी दलका सांसदले संसद्मा बोल्दै प्रधानमन्त्रीलाई आफ्ना मन्त्रीहरूलाई लगाम लगाउन सुझाव पनि दिए।

प्रारम्भमा यातायात सिन्डिकेट अन्त्यको हल्ला दह्रोसँग चल्यो। आमजनता यातायात सिन्डिकेटको मारमा परेका थिए र सरकार जसरी अघि बढ्न खोजेको थियो त्यसको व्यवसायीबाहेक अरू सबैतिरबाट वाहवाही भएको थियो। आखिर सिन्डिकेट अहिलेसम्म कायमै छ, हटेको छैन बरु अझै कहिलेसम्म रहने हो ? त्यो नै अनिश्चित भएको छ। सरकारले विकल्प दिन नसक्दा सिन्डिकेटलाई जिस्क्याएजस्तो मात्र भएको हो। गैरसरकारी संस्था सम्बन्धमा यस्तै भयो। संस्था नवीकरण गर्दा एउटा मात्र काम गर्ने गरी नवीकरण गर्ने तथा सम्बद्ध व्यक्तिहरूको सम्पत्ति विवरण लिने सम्बन्धमा गृह मन्त्रालयले निर्देशन जारी गऱ्यो। तर चौतर्फी विरोधपछि त्यो निर्णय पनि तत्कालका लागि थाती रह्यो, लागू हुन सकेन। गैरसरकारी संस्थाको नाममा थुप्रै नहुनुपर्ने काम भएका छन्, त्यसमाथि लगाम लगाउनै पर्ने थियो तर त्यससँग सम्पत्तिको कुरा जोडिँदा यसको विरोध भयो र पछि हट्नुपऱ्यो। चिनी उत्पादक किसानका मर्काका सन्दर्भमा किसानबाट खरिद गरेको उखुबाट चिनी उत्पादन गरी बिक्री गरेर नाफा कमाए पनि वर्षौंदेखि उखुको मूल्य भुक्तानी नगर्ने मिल मालिकहरूलाई गिरफ्तारीको आदेश दिने काम भयो, तर त्यो पनि कार्यान्वयन हुन सकेन। निर्माण व्यवसायीहरूको सन्दर्भमा पनि यस्तै भयो। कस-कसका कस-कसँगका सम्बन्धका कुरा आए, अनि चालिएका कदम यसै सेलाए।

वैदेशिक रोजगारका क्षेत्रमा विद्यमान बेथितिको अन्त्यका लागि मन्त्रीले केही सम्हालिएर कदम चालेको महसुस हुन्छ। केही म्यानपावरहरूको कारोबार रोक्का गरिएको छ। सामान्य प्रशासनमन्त्रीले ट्रेड युनियनका पदाधिकारीका सम्बन्धमा लागू गर्न खोजेको व्यवस्था पनि लागू हुनेमा आशंका नै छ। किनकि हिजो कर्मचारीलाई राजनीति गराउने र आफ्ना स्वार्थका लागि कर्मचारीलाई उचाल्ने राजनीतिक नेतृत्व नै हो।

यसरी सरकारका निर्णयहरू एकपछि अर्को गर्दै निष्प्रभावी हुँदै गएका छन्। यसले लोकप्रियताका लागि निर्णय लिने तर कार्यान्वयन गर्न नसक्दा, कार्यान्वयनप्रति दृढता नदेखाउँदा सरकारतर्फ औंला सोझिन थालेको छ। त्यसो त कानुनी जटिलताहरूका कारण पनि समस्या नभएका होइनन् तर सबै कुरा नबुझी निर्णय लिँदा सरकारका निर्णय तात्कालिक खपतका लागि मात्र उपयोगी भएका छन्। यसले सरकारप्रतिको आशा निराशामा परिणत हुँदै गएको छ। अपरिपक्व खालका निर्णयहरू हुनुले सरकारको कार्यशैलीमा प्रश्न उठेको छ। हतारमा गरिने निर्णयले सरकारको निर्णय क्षमतामै प्रश्न उठेको छ।

मन्त्री र मन्त्रालयहरूबीचको समन्वय अभाव अर्को समस्या हो। हल्ला बढी, काम कम हुँदा सरकारको विश्वसनीयतामाथि प्रश्न उठेको छ। चर्का कुराभन्दा बिस्तारै काम गरेर देखाउनेतर्फ जाँदा सरकार लोकप्रिय हुन सक्थ्यो। मन्त्रीहरूबीच समन्वय नहुनु तथा सरसल्लाहविना व्यक्तिगत लहडकै भरमा मन्त्रीहरूले निर्देशन दिने गर्दा पनि समस्या भएको छ। कानुनी व्यवस्था र प्रक्रियागत विषयमा नबुझी निर्णय लिनु अपरिपक्वता हो। यो खालको शैलीमा सुधार गर्नु जरुरी छ।

बजारमा बेथिति छ, कालोबजारी छ, अस्वाभाविक महँगी छ। गुणस्तरहीन सामानको बाहुल्य र बिगबिगी छ। वस्तुको मूल्यमा मनपरि छ, एकरूपता छैन। दूधजस्तो पदार्थमा समेत अखाद्य तत्वको मिसावट र कोलिफर्मसमेतको कुरा आइसकेको छ। सरकारले कारबाही गर्न सकेको छैन। सबै क्षेत्रमा नियमित अनुगमन गर्नुपर्नेमा त्यसको प्रभावकारी व्यवस्था गर्न सकेको छैन। भएका संयन्त्रको प्रभावकारी परिचालन गर्न सकेको छैन। केही स्थानमा मन्त्रीहरू स्वयम् गई अनुगमन गरे पनि त्यो चर्चाका लागि मात्र भयो। त्यसले निरन्तरता पाएन। जबकि मन्त्रीहरूले शुरु गरेको अभियानलाई सम्बद्ध निकायहरूले निरन्तरता दिँदै परिणाममुखी बनाउनुपर्ने थियो। यससम्बन्धमा मन्त्रीहरूकै दोहोरो चरित्र पनि देखियो।

एकातिर मन्त्रीको बोलीमा लगाम आवश्यक छ भने अर्कोतिर कामहरू योजनाबद्ध र व्यवस्थित ढंगमा हुनु आवश्यक छ। हल्ला-चर्चामा रमाउने प्रवृत्ति सरकार र मन्त्रीहरूले त्याग्नु जरुरी छ। सरकार दुई तिहाइ समर्थनको शक्तिशाली छ र जे चाहयो त्यही गर्न सक्छौं पनि भन्ने, अनि काम भने उस्तै खालका भएपछि जनताले कसरी पत्याउने ? कसरी आशावादी हुने ? हालसम्मको निर्णय र कार्यशैलीले मन्त्रीहरू हाँसोका पात्र बनेका छन्। यसैले उचित निर्णय लिने, ठोस कदम चाल्ने, कार्यान्वयनमा जाने, परिणाम निकाल्नेतर्फ तत्काल ध्यान दिनु आवश्यक छ। अहिलेसम्मको कार्यशैलीले त 'जुन जोगी आए पनि कानै चिरेको' भन्ने उखान चरितार्थ मात्र भएको छ। निर्णय लिने तर कार्यान्वयनमा जान नसक्नुले निर्णयहरू हचुवामा गरिएको प्रस्ट हुन्छ। कपितय कदम त प्रतिशोधको भावनाले पो चालिएका हुन् कि भन्ने आशंका पनि उत्पन्न भएको छ।

बेथिति भएका क्षेत्रमा थिति बसाल्नु, अनियमितता भए जिम्मेवार पक्षलाई कानुनी कारबाहीको दायरामा ल्याउनु र भविष्यमा सबैलाई उत्तरदायी र जिम्मेवार बनाउनु राज्यको जिम्मेवारी हो। तर सस्ता र प्रचारमुखी कुरा मात्रले सरकारप्रतिको आशा र अपेक्षा पूरा हुन सक्दैन, न त सरकारमाथिको विश्वास नै कायम रहन सक्छ। यसर्थ सरकार र मूलतः प्रधानमन्त्री स्वयंले आफ्ना मन्त्रीहरूलाई जिम्मेवार भई काम गर्न निर्देशन दिनुपर्छ। यसो हुन सकेमा मात्र सुशासनको प्रत्याभूति हुनुको साथै समृद्ध नेपाल, सुखी नेपालीको नारा सार्थक हुन सक्नेछ।

पाठक पत्र

गाउँ सुनसान भइसक्यो

रोजगारीको लागि युवा पुस्ता विदेशिएका कारण अहिले गाउँहरू केटाकेटी र बूढाबूढीको भरमा छन्। गाउँमा जिउँदाको जन्ती र मर्दाको मलामी जाने मान्छेको समेत अभाव हुने गरेको छ। दैनिक दुई हजारभन्दा धेरै युवा त्रिभुवन विमानस्थलको बाटो भएर बाहिरिने गरेको तथ्यांक पाइन्छ। खुल्ला सिमाना रहेको भारत जानेको संख्या पनि उल्लेख्य छ। अन्य समयमा विदेशमा कमाएर पठाएको पैसाले काम चल्ने भएको भए पनि कामको सिजनमा गाउँघरमा कामदारको अभाव हुने गरेको छ। काम गर्न सक्ने युवापुस्ता विदेशिएका छन् भने उनीहरूका परिवार गुणस्तरीय शिक्षा र स्वास्थ्यको खोजीका लागि शहरबजारमा छिरेपछि गाउँ खालिजस्तै छन्। गाउँमा रहेका एकाध घरपरिवारका उमेर पुगेका ज्येष्ठ नागरिक सिजनअनुसारको काम गर्न सक्दैनन्। दैनिकीको लागि घरको समान्य काम गर्न सक्ने भए पनि सिजनअनुसारको काम गर्न नसकेकै कारण आज कैयौं धान फल्ने खेत र मकै-कोदो फल्ने बारीमा रुख-बिरुवा हुर्किरहेका छन्।

कहाली लाग्दो परिस्थितिका बीच गुज्रिरहेका गाउँहरूमा गत असार १५ गते धुमधामका साथ असार १५ अर्थात् धान दिवस मनाइयो। स्थानीय तह र विभिन्न संघसंस्थाले आयोजना गरेको धान दिवसको कार्यक्रममा जनप्रतिनिधि र सबै जिल्लामा कर्मचारीको उल्लेखनीय उपस्थिति रह्यो तर त्यहाँ साँच्चै काम गर्ने किसानको उपस्थिति भने निकै कम थियो। गाउँघरमा असारको महिना लागेसँगै कामको माचो चलेको छ। धान फल्ने खेतमा रोपाई गर्नको लागि यस वर्ष मौसमले समेत साथ दिएकाले छिट्टै रोपाई शुरु भयो तर काम गर्ने जनशक्तिको अभाव छ।

आधुनिक प्रविधिको प्रयोग गर्न मिल्ने खालको खेतका फाँटहरू छैनन् भने पुरानै पद्धति प्रयोग गरेर खनजोत गर्न हलो र कोदालो समाउने मान्छेको अभाव छ। धान दिवस मनाउन आयोजना गरिएको कार्यक्रममा सहभागीले एक दिन त्यो पनि एक घन्टा त निकै रमाइलो गरे। हलो, कोदालो र बीउको मुठो समाएर रोपाईसमेत गरे तर त्यही खेत जनशक्तिको अभावमा बाँझो रहँदै छ भन्ने कुराको भने खोजी गरेनन्।

रोपाई दिवस मनाइरहँदा खेतका फाँटहरूमा देखिएको चहलपहल अब असारको महिनाभरि देखाउनुपर्ने बेला आएको छ। गाउँमा रहेका जनप्रतिनिधि, शिक्षक र कर्मचारीले पनि परिस्थितिको बाध्यतालाई मनन गरेर आफ्ना नियमित कामको बन्दोबस्ती मिलाएर जनशक्ति अभावको समस्यालाई समधान गर्न समय दिनुपर्छ। एक दिन फाँटमा पसेर दिएको हौसलाले मात्रै अब राम्रो धान उत्पादन हुने खेतमा धान फल्दैन। रोजगारीको अभाव रहेको भन्दै दिनानुदिन बाहिरी देश पलायन भैरहेका युवालाई फर्काउने र गाउँठाउँमा विभिन्न पेसा व्यवसायमा रहेकाहरूले समय-समयको व्यवस्थापन गरेर खेतीयोग्य जमिनमा खेती लगाउने कुरालाई आत्मसात् गर्नुपर्छ। धुमधामका साथ धान दिवस मनाएका स्थानीय तहलाई पनि यो कुराको हेक्का होस् कि त्यहीँ धान रोप्नको लागि गाउँमा जनशक्तिको चरम अभाव छ। जनशक्तिको अभाव कम गर्ने मुख्य कडी रोजगारीको सिर्जना र युवा पलायन रोक्नु नै हो।

- प्रभाकर सापकोटा, धादिङ ।

उद्धार तत्काल हुनुपर्छ

उत्तरी धादिङको सत्यदेवी र मार्पाकमा पहिरोका कारण पाँचजनाले ज्यान गुमाएको दर्दनाक खबर सञ्चारमाध्यममा सार्वजनिक भयो। पहिरोसँगै धादिङ केन्द्रविन्दु भएर ५ रेक्टरको भूकम्प जाँदा जनजीवन त्रसित बन्यो। नियतिको कठोर प्रहारबाट सत्यदेवीका एकै परिवारका तीनजनाले ज्यान गुमाउनुपऱ्यो। दुई दिनदेखि परेको वर्षाले खनियाबास गाउँपालिका-५ स्थित साईस्वाँराका राजु गोलेको घर पहिरोले बगाएको थियो। बुधबार राति घरसँगै बगेर गोलेकी श्रीमती ३६ वर्षीया बसोधा गुरुङ, १० वर्षीया छोरी लक्ष्मी गुरुङ र ५ वर्षीया सरस्वती गुरुङको मृत्यु भयो।

पहिरोले सात घर पुरिए। सोही गाउँपालिकाको वडा नं. ४ स्थित चिउरीखर्कमा पहिरोले एक घर पुरिँदा शमशेर घले र कोप्ची घले बेपत्ता भए। अविरल बर्सादका कारण नेत्रावतीको मार्पाकमा पनि पाँच घर पहिरोमै विलीन भए। दैवी विपत्तिको पीडा कति निर्मम हुन्छ त्यो स्वयं पीडितले अनुभव गर्न सक्छन्, तर विपत्तिको पीडाको अनुभूति सबै नेपालीले गरिसकेका छन्। मनसुन शुरु भइसकेको छ। फेरि बाढीको त्रास कायमै छ। सचेत रहन सार्वजनिकरूपमा अपिल गरिएको छ।

नेपाली जनताले हरेक वर्ष विपत्तिको सामना गर्दै आइरहेका छन्। यस्ता त्रास सम्झाउने अनगिन्ती घटना छन्। केही वर्षअघि सिन्धुपाल्चोकको जुरेमा खसेको पहिरो, ताप्लेजुङको फेम्सोहाङमा एकै परिवारका नौजनाको मृत्यु हुने गरी खसेको पहिरो, धादिङको पहिरोलगायत नेपाली जनजीवन नै प्रभावित गर्ने खालका प्राकृतिक विपत्तिहरूको सामना गर्नुपरेको छ। भूकम्पले तहसनहस बनाएका बस्तीहरू अझैसम्म ठडिएका छैनन्। विस्थापितले गतिलो ओत पाएका छैनन्। यही कष्ट र सकसका बीच मनसुन शुरू भएसँगै धादिङका दुर्गम ठाउँहरूमा पहिरोले बस्ती बगाउन थालेको छ। बर्खाले गर्दा धादिङका पहाडी क्षेत्रहरूमा सदरमुकाम धादिङबेंसीबाट गाडी चल्न छाडिसकेको छ। पहिरोले घर बगाएको क्षेत्रसम्म पुग्न मात्रै सदरमुकामबाट एकदिनको पैदलयात्रा हिँड्नुपर्ने अवस्था छ। यस्तो संकटको अवस्थामा प्रहरीसहितको टोली समयमै पुगेर उद्धार कार्यमा खटिनुपर्छ।

तर, भौगोलिक विकटताका कारण पहिरो प्रभावितको राहत तथा उद्धारमा सरकारले पहल गरेको छैन। घरसहित परिवारका सदस्यहरू पहिरोले बग्दा पनि सरकारको ध्यानाकर्षण नहुनुले राज्यविहीनताको अवस्थालाई स्मरण गराएको छ।

नेपालको भौगोलिक अवस्थाका कारण दैवी विपत्तिबाट छुट्कारा नै पाउन सक्ने अवस्था छैन। तथापि, सरकारका निकायले विपद् व्यवस्थापनका काम भने गर्न सक्छ। ०७२ सालको महाभूकम्पले थिलथिलो भएको धादिङलगायतका प्रभावित क्षेत्रमा पानी परेपश्चात् पहिरोको जोखिम रहँदै आएको छ। भलपानीसँगै पहिरो खस्ने समस्याका कारण गतवर्ष पनि धादिङका विभिन्न गाउँबस्ती पहिरोमा बगेका थिए। वर्षायामसँगै पहिरोको जोखिम अझै धेरै हुने विज्ञहरूले अनुमान गरेका छन्। भूकम्प प्रभावित जिल्लामा यस्तो जोखिम अत्यधिक बढी छ।

भूकम्पपीडित अझैसम्म स्थायी बासमा फर्किन नसकेको परिस्थितिमा जोखिममा रहेका अधिकांश पीडितलाई सतर्कता अपनाउनुपर्ने देखिएको छ। भौगोलिक विकटता र प्रायजसो बस्ती पहिरोको उच्च जोखिममा रहेका कारण यस्तो विपत्ति नदोहोरिएला भन्न सकिँदैन। सरकारले पहिरोपीडितलाई उद्धार र राहतको व्यवस्था गरी सुरक्षित ठाउँमा स्थानान्तरण गर्नुपर्छ। जोखिमपूर्ण बस्तीहरूलाई समयमै सुरक्षित ठाउँमा सार्न सकिए मात्रै पनि भविष्यमा यस्ता दुःखद नियतिको सामना गर्नुपर्दैन। भूकम्पको कम्पनका कारण कमजोर भएको पहाडमा मनसुनसँगै पहिरो जाने क्रम तीव्र हुने र यससँगै तराईका जिल्लाहरूमा बाढीको त्रास पनि कायमै छ। सरकारले आफ्नो उपस्थिति देखाउने यस्तै विपद्को अवस्थामा हो। त्यसैले, विपद् व्यवस्थापनका लागि समयमै सम्बन्धित निकायलाई सक्रिय बनाउनु जरुरी देखिएको छ।

- प्रशान्त लामा, धादिङ ।

सामाजिक सञ्जाल

दुई तिहाइ बहुमतका साथ सरकार गठन भएको छ, यसले राजनीतिक स्थिरता कायम गरेको छ, यो आशाको किरण हो, तर संगसंगै सरकारको कार्यशैली, नेताहरुको दम्भपूर्ण अभिव्यक्ति, प्रतिपक्षीलाई दमन गर्ने कार्यले संविधान र प्रजातान्त्रिक आवरणभित्र सर्वसत्तावाद कायम हुने हो कि भन्ने खतरा पनि देखिएको छ।

Kamal Thapa
@KTnepal

जिन्दगीमा आफैंले नजित्दैमा अर्कोले हार्नुपर्छ भन्ने मानसिकता रहेसम्म प्रगति कहिल्यै हुँदैन। समयलाई चिन्नुस्, अनि आफूलाई पनि।

Dipak Karki
@dipakkrk

यो दुनियाँ हाम्रो सोचभन्दा पृथक् र फराकिलो छ, तर जहाँ गए पनि सोच सबैको साँघुरो नै हुँदोरहेछ।

मानुषी
@bipana_regmi